म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४ शनिबार, ७ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 23 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## साउनमा ३ करोड ५० लाख राजस्व संकलन

हेटौंडा, ६ भदौ/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको पहिलो महिनामा ३ करोड ५० लाख राजस्व संकलन गरेको छ । उपमहानगरपालिकाको राजस्व शाखाप्रमुख मनोजकुमार सुवेदीका अनुसार पूर्वाधारसेवाको उपयोगबापत एक करोड ३३ लाख ८८ हजार, सम्पत्तिकर ४५ लाख ९९ हजार, घरबहाल कर ६५ लाख २० हजार, बहालबिटोरी कर १६ लाख ४५ हजार, व्यवसाय कर ४१ लाख १७ हजार र प्रशासनिक दण्ड जरिवाना र जफतबापत दुई लाख ३१ हजार संकलन भएको हो । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एक करोडले कम हो । आर्थिक वर्ष २०८१/८२ मा सम्पत्तिकर एक करोड ४४ लाख ८५ हजार, पूर्वाधार सेवाको उपयोगबापत एक करोड १८ लाख ७५ हजार, घरबहाल कर ५० लाख ६५ हजार, सिफारिस दस्तुर ३३ लाख ४० हजार, बहाल बिटोरी कर १८ लाख ७८ हजार, व्यवसाय कर ४१ लाख २१ हजार र प्रशासनिक दण्ड जरिवाना र जफतबापत पाँच लाख ९६ हजार राजस्व संकलन भएको थियो ।

### शिक्षा विधेयक संशोधनको माग गर्दै हेटौंडामा निजी विद्यालय बसर्‍याली, सामुदायिक विद्यालय आन्दोलनमा

# विधेयक प्रतिनिधिसभामा पेस, माओवादी र रास्वपाको फरक मत

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) ले प्रस्तावित शिक्षा विधेयक संशोधनको माग गर्दै शुक्रबार हेटौंडामा विद्यालय बस र्‍याली निकालेको छ ।

बिहीबार प्याब्सन प्रदेशस्तरीय समितिको आन्दोलन तयारी बैठकको निर्णयअनुसार र्‍याली निकालिएको हो । हुप्रचौरबाट सुरु भएको र्‍यालीले रजतजयन्तीचोक, सीमाचोक, बुद्धचोक हुँदै लोकप्रिय भोजनालयबाट मनकामनाचोकसम्म परिक्रमा गरेको थियो । शिक्षा विधेयकमा निजी विद्यालयलाई एकतर्फी गैरनाफामूलक बनाउने प्रावधान गरेको भन्दै त्यसमा संशोधन गर्नुपर्ने माग गरिएको प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले बताए ।

यसअघि प्याब्सनले हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मनहरी गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरलाई ज्ञापनपत्र बुझाइसकेको छ । ७ गतेका लागि कुनै आन्दोलनका कार्यक्रम राखिएको छैन । ८ गते निर्णायक आन्दोलनमा प्रवेश गर्ने बताइएको छ । भदौ ८ गतेसम्म पनि माग पूरा नभए थप आन्दोलनमा जाने प्याब्सनले जनाएको छ । १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिनुपर्ने र पूर्ण छात्रवृत्तिको व्यवस्था हटाउनुपर्ने प्याब्सनको माग रहेको छ । माग सम्बोधन नभएसम्म विरोध कार्यक्रमलाई निरन्तरता दिने प्याब्सनले जनाएको छ ।




यसैबीच विद्यालय शिक्षा विधेयकको प्रतिवेदन प्रतिनिधिसभामा पेस भएको छ । शुक्रबारको बैठकमा प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, विज्ञान तथा प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विधेयकको प्रतिवेदन पेस गरेका हुन् । प्रतिवेदन पेस गर्दै सभापति थापाले सरोकारवाला सबै पक्षसँग औपचारिक तथा अनौपचारिकरुपमा छलफल गर्दै विधेयकलाई समृद्ध बनाइएको बताए । संसद् बैठकमा नेपाली कांग्रेसका सांसद एनपी साउदले सरोकारवाला पक्षका असन्तुष्टि सम्बोधन गरेरमात्रै सबैलाई स्वीकार्य हुने गरी विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनको विधेयक, २०८० अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा उनले शिक्षाक्षेत्रको समग्र सुधारबिना मुलुकको समृद्धि सम्भव नहुने भएकाले विधेयक निर्माणमा सरकार गम्भीर हुन आवश्यक रहेको बताए । 'सरकारले तत्काल देखिएका असन्तुष्टिलाई सम्बोधन गरी सबैलाई स्वीकार्य हुने गरी विधेयक अगाडि बढाउन आवश्यक देखिन्छ,' साउदले भने, 'शिक्षा क्षेत्रको समग्र सुधार बिना मुलुकको समृद्धि सम्भव हुँदैन। त्यसकारण यो विषयमा सरकार गम्भीर हुन जरुरी छ ।' लामो समयको प्रतिक्षापछि विषयगत समितिले विधेयकको प्रतिवेदन पारित गरेको छ ।

शिक्षा विधेयकले संघीय संरचनाअनुसार विद्यालय शिक्षालाई कानुनीरुपमा व्यवस्थित गर्दै आधारभूत शिक्षा सुनिश्चित र निजी विद्यालय नियमन गर्ने लगायतका प्रावधान सकारात्मक भएको सांसद साउदको भनाइ थियो । 'तर, सरोकारवालाको व्यापक असहमतिका बीच विगतमा सरकारले गरेका सम्झौताहरुको बेवास्ता गरी अगाडि बढाउदा व्यापक असन्तुष्टि देखिएका छन्,' साउदले भने, '२० औं वर्षदेखि कार्यरत अस्थायी प्रकृतिका राहत, साविक उच्चमावि, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको न्यायोचित व्यवस्थापन गर्ने दायित्वबाट सरकार पन्छिन खोजेको गुनासो छ ।'

समितिले बिहीवारको बैठकबाट विधेयक पास गरेको थियो । सभापति थापाले लामो समयपछि परिवर्तन हुन लागेको ऐनले विद्यालय शिक्षाको क्षेत्रमा उल्लेख्य सुधार हुने विश्वास व्यक्त गरे । सभामा पेस भएको विधेयकमा प्रतिपक्षी दलहरु नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले फरक मत राखेका छन् । माओवादीले निजी विद्यालयले प्रदान गर्ने छात्रवृत्तिसम्बन्धी व्यवस्थालाई उपसमितिले गरेको निर्णयबमोजिम समावेश गर्नुपर्ने लगायत ५ बुँदे फरक मत राखेको छ ।

माओवादीका सांसदहरु देवेन्द्र पौडेल, महेन्द्र राययादव, रेशा शर्मा र ज्ञानु बस्नेत सुवेदीले फरक मत पेस गरेका हुन् । यसैगरी रास्वपाले पूर्ण छात्रवृत्ति आवास सहितको व्यवस्था हुनुपर्ने लगायत ३ बुँदे फरक मत राखेको छ । रास्वपाकी सांसद सुमना श्रेष्ठले विधेयकमा पार्टीको तर्फबाट फरक मत राखेकी हुन् । राप्रपाले भने निजी विद्यालयलाई क्रमश: गैरनाफामूलक बनाउने भन्नेमा फरक मत राखेको छ । राप्रपाकी सांसद बिना जैसवालले पार्टीको तर्फबाट फरक मत पेस गरेकी हुन् ।

नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा विधेयकले सहमति अनुरुप सम्बोधन हुन नसकेको भन्दै पुन: आन्दोलन गर्ने भएको छ । शुक्रबार महासंघले पत्रकार सम्मेलन गर्दै पहिलोचरणका आन्दोलन कार्यक्रम सार्वजनिक गरेको हो । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विधेयक सकारात्मक रहेपनि शिक्षक कर्मचारीका सरोकार र विगतका सहमतिमा रहेका विषय सम्बोधन हुन नसकेको बताएका छन् ।

उनले भने, 'केही अन्य विषयमा विधेयक सकारात्मक रहेपनि शिक्षक कर्मचारीका सरोकार र विगतका सहमतिमा रहेका विषय सम्बोधन हुन सकेका छैनन् । अस्थायी प्रकृतिका शिक्षकको स्थायित्वका लागि तोकिएको आन्तरिक परीक्षाको प्रतिशत सहमति (७५ प्रतिशत आन्तरिक) अनुसार नहुनु, गोल्डेन हेन्डसेक अर्न्तगत किटान गरी नतोकिनु, स्थायी शिक्षकको आवधिक बढुवाको प्रबन्ध समावेश नहुनुलगायतका विषय सम्बोधन नभएको देखिन्छन् ।'

# हेटौंडामा चाडपर्व लक्षित बजार अनुगमन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ चाडपर्वको लहर सुरु भएसँगै उपभोक्ताको स्वास्थ्यसुरक्षालाई ध्यानमा राखेर हेटौंडामा बजार अनुगमन सुरु गरिएको छ ।

खाद्य तथा गुणनियन्त्रण कार्यालय, हेटौंडाको नेतृत्वमा शुक्रबार हेटौंडा बजारक्षेत्रका मिठाई पसलको आकस्मिक अनुगमन गरिएको हो । यसभन्दा पहिलेको अनुगमनका क्रममा कैफियत भेटिएका पसलहरुमा विशेष ध्यान दिएर अनुगमन गरिएको खाद्य तथा गुणनियन्त्रण कार्यालय हेटौडाकी प्रमुख विमला पोखरेलले बताएकी छन् । अनुगमन गरिएका पसलमा श्रीकृष्ण खुवा पसल, दाजुभाइ स्वीट्स एण्ड फास्टफुड, मालिका हस्पिटालिटी एण्ड फुड प्रालि, हिमालयन स्विट्स, श्रेष्ठ होटल, समोसा हाउस, केक प्यालेस रहेका छन् ।



अनुगमनका क्रममा, हेटौंडा-२ स्थित श्रीकृष्ण खुवा बिक्री भण्डारमा कैफियत पाइएको छ । कार्यालयप्रमुख पोखरेलका अनुसार, लेबल नभएका मिठाईको बिक्री वितरण, अनुमतिपत्रबिना नै लेबल नभएको घिउको बिक्रीका साथै खाद्य उत्पादनस्थलमा फोहोर पाइएको छ । खुवा भण्डारलाई खाद्य तथा गुणस्तर ऐन २०८१ अनुसार कारवाही प्रक्रिया अगाडि बढाइएको प्रमुख पोखरेलले बताइन् ।

अन्य मिठाई पसलमा भने अघिल्लो अनुगमनको तुलनामा सुधार आएको पाइएको अनुगमन टोलीले जनाएको छ । अनुगमनमा खाद्य निरीक्षण अधिकारी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि र पत्रकार महासंघका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# जेसीआई हेटौंडाको आयोजनामा पोशाक वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ जेसीआई हेटौंडाको आयोजनामा हेटौंडा उपमहानगरपालिका-१ भैरवडाँडास्थित श्रीभैरव आधारभूत विद्यालयमा पोशाक वितरण गरिएको छ ।

जेसी सृजनराज बज्राचार्यले संयोजन गरेको कार्यक्रम जेसीआई हेटौंडा वर्ष २०२५ का शाखाअध्यक्ष सिनेटर पंकजदास बानियाँको सभाअध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हुद्धबहादुर दलामी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विशाल सुनार, जेसीआई हेटौंडा वर्ष २०२५ का निवर्तमान शाखाअध्यक्ष तथा नेपाल जेसीस वर्ष २०२५ का राष्ट्रिय महासचिव सिनेटर विकेशलाल श्रेष्ठको आतिथ्यता रहेको थियो । हेटौंडा उपमहानगर पालिका वडा नं. १ का वडाअध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।



कार्यक्रममा प्रमुखअतिथि वडाअध्यक्ष न्यौपाने, विशिष्टअतिथि सिनेटर श्रेष्ठलगायतले विद्यार्थीलाई पोशाक वितरण गरेका हुन् । कार्यक्रममा ४३ सेट टिसर्ट तथा टाउजर वितरण गरिएको थियो । जेसीआई हेटौंडा वर्ष २०२० का शाखा अध्यक्ष सिनेटर राजदेव बानियाँले जेसीआई हेटौंडाले विद्यालयमा पोशाक वितरणलगायत शैक्षिक सामग्री वितरण गर्दे जाने कार्यलाई निरन्तता दिने धारण राखे । पोशाक सौजन्य गर्ने जेसीआई हेटौंडालाई विद्यालयले धन्यवाद सहित आगामी दिनमा पनि निरन्तर सयोगको अपेक्षा व्यक्त गरेको छ ।

# नमूना प्रगतिद्वारा जेष्ठ सदस्य सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ हेटौंडा-२ देवीपथमा मूख्य कार्यालय रहेको नमूनाप्रगति बचत तथा ऋण सहकारी संस्थाले कुशेऔंशी (बुबाको मुखहेर्ने दिन) को अवसरमा सहकारी संस्थाका जेष्ठसदस्य सम्मान गरेको छ ।

शुक्रबार हेटौंडाको रोयल प्यालेसमा भएको कार्यक्रममा संस्थामा आवद्ध रहेका ७० वर्षभन्दा बढी उमेर समूहका जेष्ठसदस्यसँग भेटघाटसहित अन्तरक्रिया गरेको हो । कार्यक्रममा जेष्ठ सदस्यलाई ढाकाटोपी लगाएर सम्मान गरिएको थियो ।

हाल संस्थामा ८४ जना ७० वर्ष माथिका जेष्ठ पुरुषसदस्यहरु रहेकोमा ४७ जानालाई सम्मान गरिएको संस्थाका ब्यवस्थापक बद्रीप्रसाद भण्डारीले बताए । संस्थाका अध्यक्ष मीठाराम दाहालको अध्यक्षता एवम् मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा संस्थाका सञ्चालक समिति सदस्य एवम् प्राध्यापक शिवराज पराजुलीले 'जेष्ठसदस्यसँग मनका कुरा' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए भने संस्थाका ब्यवस्थापक भण्डारीले संस्थाको प्रगतिविवरण जानकारी गराएका थिए ।

२०५५ सालमा स्थापना भएको संस्थामा हाल २ हजार ६ सय ७० जना शेयर सदस्य रहेका छन् । हेटौंडा-१७ हटियामा सेवा केन्द्र रहेको संस्थामा हाल ६ जना कर्मचारी कार्यरत छन् । २ करोड ९१ लाख ९८ हजार शेयरपुँजी रहेको ब्यवस्थापक भण्डारीले बताए ।

संस्थाका सचिव रामजी सापकोटाले सञ्चालन गरेका कार्यक्रममा मकवानपुर जिल्ला सहकारी संघका सञ्चालक दाहाल, संस्थाका सल्लाहकार सूर्यचन्द्र न्यौपाने र जुनेली श्रेष्ठ, कोषाध्यक्ष केशव देवकोटालगायतको आतिथ्यता रहेको थियो ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अनौठो तथ्य, तपाईका पुराना तस्वीरले पनि रित्याउँछन् लाखौं लिटर पानी !



विश्व जगत पछिल्लो समय पानीको संकटबाट गुज्रिरहेको छ र जलवायु परिवर्तनका साथै नयाँ नयाँ प्रविधिको प्रयोग व्यापक बन्दै जाँदा पानीको संकट झनै गहिरिँदैछ। यस्तोमा बेलायत सरकारले अनौठो तर निकै गम्भीर सुझाव दिएको छ । गर्मी याममा पानी जोगाउनका लागि र किफायती खपत गर्नका लागि हामीले अनेक खालका उपाय अपनाउछौँ । तर बेलायत सरकारले भने पानी बचत गर्नका लागि आफ्ना पुराना डिजिटल तस्वीर डिलिट गर्ने सल्लाह दिएको छ ।

झ्वाट्ट सुन्दा यो कुरा अलिक मजाक जस्तै लाग्छ । तर यसका पछाडि एउटा गम्भीर कारण छ, जो हाम्रो डिजिटल जिवनशैलीसँग जोडिएको छ ।

वास्तवमा डिजिटल स्पेसमा रहेका हाम्रा फोटो, भिडियो तथा इमेल लगायतका हरेक चिजवस्तुहरु सबै कुनै न कुनै डेटा सेन्टर मा संग्रहित भएका हुन्छन् । ती डेटा सेन्टरहरु ठूला ठूला सर्भरहरुले भरिएका हुन्छन्, जो निरन्तर तातिरहेका हुन्छन् । अनि ती सर्भर लाई चिस्याउनका लागि पानीको प्रयोग हुन्छ । यसका लागि बिजुलीबाट चल्ने कुलिङ प्रविधिको पनि प्रयोग गर्ने गरिएको छ ।

**डेटा सेन्टरको तिर्खा**

अक्सफोर्ड विश्वविद्यालयका शोधकर्ताहरुले गरेको एक अध्ययन अनुसार केवल १ मेगावाटको एउटा सानो डेटा सेन्टर ले कुलिङका लागि मात्रै हरेक वर्ष करोडौं लिटर पानी खपत गर्दछ । यद्यपि यो आँकडा स्थान विशेष तथा प्रविधिको आधारमा फरक फरक हुन सक्छ ।

यद्यपि कतिपय डेटा सेन्टरहरुले अहिले पिउन अयोग्य रहेको (नन पोटेबल) पानी वा पुन:चक्रण गरिएको पानीको प्रयोग गर्न थालेका छुन् ताकि पिउने पानीमाथि दबाब नपरोस् । त्यस्तै केही कम्पनीहरुले एयर कुलिङ वा वाष्पीकरण कुलिङ प्रविधिको पनि प्रयोग गर्न थालेका छन् । यो प्रविधि मौसम तथा स्थानीय नियमहरुमा निर्भर गर्दछ ।

**प्रविधि कम्पनीहरूको नयाँ प्रयोग**

ठूला प्रविधि कम्पनीहरुले यस्तो पानी उपयोगको परिमाण अर्थात् वाटर फूटप्रिन्ट घटनाउनका लागि विभिन्न खालका नवप्रवर्तनहरु ग्रिरहेका छन् । गुगलले अमेरिकाको जर्जिया र ाज्यस्थित डगलस काउन्टीमा पुन:चक्रण अर्थात् शुद्धिकरण गरिएको फोहोर पानीलाई डेटा सेन्टर चिस्याउनका लागि प्रयोग गरेको छ ।

त्यसैगरी माइक्रोसफ्टले त पानीको बचत गर्नका लागि पानीमुनि डुबेका डेटा सेन्टर निर्माण गरी परीक्षण समेत गरेको छ । यसमा समुद्रको चिसो पानीले सर्भरहरुलाई चिस्याउन सहयोग गर्दछ ।

विभिन्न क्लाउड सेवा प्रदायकहरुले अहिले जल उपयोग प्रभावकारीता जस्ता तथ्यांकहरु समेत प्रकाशित गर्न थालेका छन् । यसबाट उनीहरु पानीको खपत क मगर्नमा कत्तिको सफल भए भन्ने कुरा पत्ता लगाउन सकिन्छ ।

वास्तवमा एआई तथा मेसिन लर्निङको बढ्दो माग र प्रयोगसँगै डेटा प्रोसेसिङको आवश्यकता समेत तिव्र रुपमा वृद्धि भएको छ । फलस्वरुप यदि डिजाइनमा परिवर्तन गरि एन भने आगामी दिनमा बिजुली तथा पानी दुवैको खपत अति उच्च हुने पक्का छ ।

**के तस्वीर डिलिट गर्दा पानी जोगिन्छ ?**

हुनत कुनै एकजना सामान्य प्रयोगकर्ताले डिजिटल स्पेसमा रहेका आफ्ना केही पूराना तस्वीर डिलिट गर्दैमा त्यसले पानीको बचतमा पार्ने प्रभाव तत्काले नदेखिन सक्छ । तर सबै इन्टरनेट प्रयोगकर्ताले आ-आफ्ना डिजिटल तस्वीरहरु डिलिट गर्दा अर बौं गिगाबाइट डेटा कम भयो भने त्यसको पक्कैपनि प्रभाव पार्दछ।

यसबाट दीर्घकालमा डेटा सेन्टरको क्षमता बढाउन तथा नयाँ कुलिङ प्रणालीको स्थापनाको आवश्यकता कम हुनेछ । त्यसैले हाम्रा निकै सामान्य लाग्ने खालका डिजिटल आनीबानीहरुले समेत वातावरण तथा पानीको संरक्षणमा ठूलो योगदान गर्दछन् भन्ने कुराको हेक्का राख्नु आवश्यक छ ।

एजेन्सीको सहयोगमा

**जीवनशैली/स्वास्थ्य**

# अब जीउको गन्धबाटै पत्ता लाग्नेछ बिमार, कुन रोगमा कस्तो गन्ध हुन्छ ?



शरीरबाट निस्कने गन्ध भन्ने बित्तिकै सरसफाइ वा पसिनासँग मात्रै जोड्छौं हामी । तर, वैज्ञानिकहरुले हालै गरेको एक अनुसन्धानले भने हाम्रो जीउबाट निस्कने गन्धभित्र हाम्रो स्वास्थ्यको रहस्य लुकेको तथ्य पत्ता लगाएको छ । विभिन्न अध्ययनहरुबाट के सावित भएको छ भने शरीरबाट निस्कने गन्धको आधार मा पार्किन्सन, मलेरिया तथा क्यान्सर जस्ता र ोगहरुको बारेमा सुराक प्राप्त गर्न सकिन्छ ।

**पार्किन्सनको गन्ध**

मानिसहरूमा हुने रोगमध्ये पार्किन्सनलाई अहिलेसम्मकै सबैभन्दा कठिन रोगमा लिइन्छ । किनकि यसको सुरुवाती निदान निकै कठिन हुन्छ । बेलायतको म्यानचेस्टर विश्वविद्यालयका वैज्ञानिकहरुले यही रिक्ततालाई पूर्ति गर्नेगरी एउटा महत्वपूर्ण खोज गरेका छन् ।

उनीहरुले पार्किन्सन भएका बिरामीहरुको छालाबाट निस्किएको चिल्लो पदार्थ अर्थात् सेबमको नमूना संकलन गरी त्यसको mass spectrometry मार्फत् विश्लेषण गरे ।

त्यसमा करिब ३० वटा यस्ता वाष्पीकृत हुने कार्बनिक यौगिकहरू (volatile organic compounds) पाइए, जो केवल पार्किन्सनका बिरामीहरुमा मात्रै विद्यमान थिए । त्यसमा eicosane र octadecana जस्ता विशेष खालका यौगिकहरू पनि सामेल थिए ।

यो खोज यतिधेरै महत्वपूर्ण बनेको छ कि अब केवल छालाको स्वाबको एक नमूनाको परीक्षण गरी ३ मिनेटमै मानिसमा पार्किन्सन भए नभएको पत्ता लगाउन सकिन्छ ।

बीबीसीसँगको कुराकानीमा शोधकर्ता प्राध्यापक पेर्डिटा बर्रानले कुनैपनि मानिसको गन्धका आधारमा उसको शरीरमा भएको रोगको सटिक तरिकाले पहिचान गर्न सकिएको यो पहिलोपटक हो ।

**मलेरिया र बच्चाको गन्धरू**

सन् २०१८ मा केन्यामा भएको एक अध्ययनले पनि सबैलाई अचम्मित तुल्याउने खालको नतिजा दिएको थियो । उक्त अध्ययनका क्रममा ५६ जना बच्चाको पाइतालाको गन्धको नमूना संकलन गरिएको थियो । त्यसको परीक्षणका क्रममा मलेरिया संक्रमित बच्चाहरुको शरीरबाट heptanal, octanal तथा nonanal gfds aldehydes पदार्थहरु अधिक मात्रामा निस्कने गरेको पाइयो । उक्त गन्ध एक प्रकारको फलफूल तथा घाँसबाट निस्कने गन्धजस्तै हो र खासगरी यसले लामखुट्टेलाई आकर्षित गर्दछ । त्यसैले यस्तो गन्धले केवल व्यक्तिमा मलेरियाको संक्रमण भएको मात्र संकेत दिँदैन, यो लामखुट्टेलाई आकर्षित गरेर मलेरिया रोग फैलाउने एक अहम कडीपनि बन्न सक्दछ ।

**कुकुरभन्दा क्षमतावान कृत्रिम नाक बनाउँदै वैज्ञानिकहरू**

विभिन्न अन्तर्राष्ट्रिय अध्ययनहरुबाट के पत्ता लागेको छ भने कुकुरले आफ्नो घ्राणशक्ति अर्थात् सुँघ्ने क्षमताबाट मानिसमा रहेका क्यान्सर जस्ता रोगहरु समेत पत्ता लगाउन सक्दछ । एक अध्ययनका क्रममा प्रयोग गरिएको कुकुरले प्रोस्टेट क्यान्सरका ९९ प्रतिशत मामिलाको सही पहिचान गरेको छ ।

अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्यूट अफ टेक्नोलोजीका वैज्ञानिक एन्ड्रिज मेर्शिनको टिमले सोही आधारमा RealNose.ai नामक परियोजना सुरु गरेको छ ।

यो परियोजनामा मानिसको गन्ध ग्रहण गर्ने कोशिकाहरु अर्थात् olfactory receptors र मेसिन लर्निङको संयोजन गरी एउटा यस्तो कृत्रिम नाक तयार गर्दैछन् जो मानिसको नाकभन्दा शक्तिशाली हुन्छ र अधिक सटिक तरिकाले गन्ध पहिचान गर्न सक्दछ ।

एक रिपोर्टमा शोधकर्ता मेर्शिनले भनेका छन्-हाम्रो लक्ष्य त्यस्तो मेसिन नाक बनाउनु हो जुन कुकुरको नाक भन्दापनि शक्तिशाली होस् अनि जुनसुकै रोगलाई सुँघेर पत्ता लगाओस् ।

वैज्ञानिकहरुका यी शोधहरुबाट के थाहा पाउन सकिन्छ भने मानिसको सरीरको गन्ध कुनै पनि रोगको संक्रमणको घण्टी हुनसक्छ । यसबाट रक्त परीक्षणविना तथा बायोप्सी नगरीकनै पनि रोगको निदान अर्थात् डायग्नोसिस गर्ने नयाँ मार्ग प्रसस्त भइरहेको छ । भविष्यमा डाक्टरहरुले अब बिरामीहरुको गन्धबाटै रोग पत्ता लगाउन सक्ने दिन पनि आउन सक्छ ।

**कुन बिरामीको गन्ध कस्तो ?**

मधुमेह : यदि कुनै मानिसको शरीर वा स्वासको गन्ध कुहेको फल जस्तै छ भने यसो हुनुको कारण चाहिँ रगतमा किटोन बडीजमा वृद्धि भएर हुनसक्छ, जुन मधुमेहको संकेत हो ।

कलेजो रोग : शरीर तथा स्वासबाट कुहेको अण्डा वा सल्फर जस्तो गन्ध आउनु ।

मिर्गौला रोग : श्वासबाट माछा वा अमोनिया जस्तो गन्ध आउनु ।

क्षयरोग : श्वासबाट बासी बियरजस्तो वा छालाबाट भिजेको कार्डबोर्ड पेपर जस्तो गन्ध आउनु ।

औलो : बच्चाको छालाबाट घाँसको जस्तो मिठो गन्ध आउनु ।

पार्किन्सन रोग : शरीरबाट पुरानो काठजस्तो कडा गन्ध आउनु ।

# साहित्य

हास्यव्यंग्य

## बर्कतको हर्कत

✍ नरेन्द्रराज पौडेल

दिन-उमेरले बर्कत बढ्दै गएपछि नानाभाँती हर्कत देखाउनु नौलो कुरा रहेनछ । पाडो बढेपछि राँगो बन्छ र थोरेको बगाल कज्याउँछ । चल्ला बढेपछि भाले हुन्छ र पोथी सुम्र्छ । बहर फस्टाएपछि साँढे बनेर सुइठाउँछ र प्रतिद्वन्द्वीका नाउँमा सिँगौरी खेल्छ अनि तोरीबारी रँगेल्छ । छाउरो बढेपछि डाँगो बन्छ अनि गल्ली, सडक जथाभावी भुक्न, उफ्रिन र टोक्नसमेत छुट पाउँछ । त्यसैले होला हिटलर बाजेले आफ्ना प्रिय जनरलहरूलाई भन्थे रे, उच्च मनायोगले आत्मबल बढाऊ, शत्रु लडाऊ र धर्तीमाथि एकाधिकारी सर्वसत्तावादी दरो पाउ जमाऊ । कहिल्यै खुट्टा नकमाऊ । बस् ; हाम्रै कुर्सीन्त नेताहरू पनि बाजेभन्दा कम कहाँ छन् र - आफ्नो हालहैकम चल्दासम्म देश लोकतन्त्र र गणतन्त्रमय बन्छ अलि तलबितल परे प्रतिगमन उर्लिएर छोप्नै खोजेको भान पर्छ ।

कुनै दिन कुर्सीवियोगको विरह बेथामा बेथित भएर पञ्च शोक सागरमा पौडी खेल्न पुगेका थिए । कुनै दिन संसद्, सदन र आफ्नो पदै धराशयी बन्दा सत्ता र भत्ता वियोगको शवयात्रामा सामेल भएर चिताछेउ भुटभुटिन्थे । अनि, कुर्सीाउने शुभसङ्केत पाए जता पायो त्यतै गुटमुटिन्थे । लेस नायकसम्म हुन र बन्न समेत धौधौ पर्ने खलनायकहरू गर्दै जाँदा आज देशका महानायक बन्न पुगेछन् । देशलाई डोऱ्याउने बागडोर सम्हाल्न नसकेपछि आफ्नो नामर्दपन छोप्न लोकतन्त्रका भजन गायक बनेर डमरु-झ्याम्टा र मादल-ट्याम्का भिरेर बाँदरनाचको पूर्वाभ्यास गर्दैछन् । नढाँटी भन्दा अरू सबैखाले बर्कतभन्दा लोकन्ते बर्कत मापाको हुँदोरहेछ । कहिले ख्वामितको पाऊ कज्याएर, कहिले जनताकै नाउँ भजाएर सोझासीधालाई थर्काउने कला विकसित हुने भएकाले यसलाई थर्काऊ प्रणाली पनि भन्न सकिन्छ । अर्थात्, सधैं जनता थर्काएर सत्ताको मधुरस चाँटी रहन पल्किएका खलनायक नै प्रकाण्ड नायक बनाइदिंदो रहेछ लोकन्ते बर्कतले । लोकन्ते बर्कत भन्दा पक्कै तपाई अलमलिन सक्नुहुन्छ । त्यसैले स्पष्ट पार्नु वेश होला ।

गाउँघरको पुरानो चलनचल्ती अनुसार केही लिनखान पाउने आशामा कसैको पछि लाग्नुलाई लोकन्तो लाग्नु भनिन्छ । बेहुलाको लोकन्तो लागेपछि बिहेभोज दाब्न पाइन्छ । जन्तीको रमितामा रमाउँदै जग्गेको आगो ताप्न पाइन्छ । ठूलाबडाको लोकन्तो लागेपछि केही दिनका लागि भए पनि अन्नपानीको जोहो हुन सक्छ । अन्न नभए पानीसम्म होला । पानी पनि नभए अचेलको चलनचल्ती अनुसार दुरुम पानीसम्म त अवश्य हुन सक्छ । अनि, मालिककै बर्कत पघारेर जुक्ति खियाउँदा अर्काको खाएको ऋण मिनाहा हुन सक्छ । नखाएको ऋण हात लगाउन सकिन्छ । लिएको सापट फच्चे हुन सक्छ । नलिएको सापट हात पर्न सक्छ । हात परेको सापट झापड देखाएपछि ढिसमिस हुन सक्छ । साउँ नभए पनि ब्याजसम्म त कहीं नजा । ठालूको लोकन्तो लागेपछि आङ खाली रहँदैन । जडाउरी नै भए पनि लुगाफाटोले हर छोपिन सक्छ । मालिक खुसी पार्ने सर्वोत्तम उपाय नै लोकन्ते प्रथा हो । अझ अन्तर्राट्रिय मालिक परे त लोकन्तो लाग्दा भूमण्डलीकरण भएर अझै भाग्य चम्किन सक्छ । विदेशी ऋणमा तयार हुने योजना-परियोजनाहरूमा दाता, दलाल र ठेकदाररूपी मालिकको लोकन्तो बनेर हात फैलाउन सकिन्छ । त्यसपछि अरूलाई दिउँसै तारा र तोरीका फूल देखाएर एक्लै गोही मुख ग्वाम्मै गाड्न सकिन्छ । रङ्गनाथ र जङ्गबहादुर हुँदै आजसम्म यस देशमा जति सरकार आए, जनताका मात्र आएका रहेछन् । अहिले पनि जनताकै सरकारले देश हाँकिरहेको हुँदा विकास निर्माणदेखि सुरक्षासम्मको त्यति दरकार परेन । बैठक, मिटिङ, सभा, सहमति र असहमति गरेर ज्रिो फट्कार्दै सुधा प्राणीहरूको दिमाग चाट्न सकिन्छ । दिनरात भाषणको वर्षा गरेर जनताको मन भिजाउन सकिन्छ । मिलेर काम गर्नभन्दा अर्कोमाथि छलछाम गर्न मजा आउँछ । आफ्नो कमजोरी उधार्नभन्दा अर्कोमाथि दोष थुपार्न रमाइलो हुन्छ । विकास गर्नु भनेको जनताको पसिना पघार्नु हो र उनीहरूकै दानापानीमा पञ्जा फेँर्दै ढोक्से भकारी रित्याएर भोज गर्नु हो । जनमतको जामा भिरेर चुनावदेखि सधैं टाढा सर्नु हो अनि आफ्नोचाहिँ एकोतार पेट भर्नु हो । देश विकास नभए हुँदैन । यसबारे बुद्धिजीवीले आत्तिएर ओठ टोर्क्नुपर्छ । अर्थशास्त्रीले बहुलाएर ढोल बोर्क्नुपर्छ । विश्व ब्याङ्कले मौलाएर पहल गर्नुपर्छ । एडीबी, आईएमएफले उधारो मनले डलरका बिटा ल्याएर कोर्च्नुपर्छ । घाँटीभित्र नपसे लौराले घोर्च्नुपर्छ । नत्र किन खडा भए त ती संस्थाहरू - यक्ष प्रश्न खडा हुन आउँछ ।

हाम्रोजस्तो विकासोन्मुख देशमा नेता भनेको नेतृत्व गर्ने हो । वक्तृत्व फेर्ने हो । त्यतिले नपुगे विद्यार्थी उचाल्ने सडक तताउने अभाव र कृत्रिम महँगी खडा गरेर उपभोक्तालाई सताउने काम थप्न सकिन्छ । साँच्ची भन्ने हो भने उसको कार्यक्षेत्र नै गाडीमा दर्गुर्ने र विपक्षीलाई भर्कुनेमा निर्धारित हुर्नुपर्छ । देश चलाउने ठेक्का लिएपछि पनि घर जलाउने गतिविधि कायमै राख्न पाउर्नुपर्छ । प्रतिपक्षीका अगाडि पाखुरा सुर्किंदै बाँदरघुर्की देखाएर दौतरीलाई दच्काउने काममा कतैबाट विरोध/अवरोध हाल्न पाइन्न । जनतालाई भागवत भक्तिमा विभोर बनाएर नचाउर्नुपर्छ । कृष्णका उपदेशमा अभ्यस्त बनाउर्नुपर्छ । 'कर्म गर फलको आशा नगर' भनेर गिट्टी कुट्ने मजदुरलाई गदगद बनाइदिर्नुपर्छ । धान चुट्ने खेतालाहरूलाई धान्याचल यज्ञ गरेर थुप्रोमाथि उभ्याइदिर्नुपर्छ । रङ पोत्ने कुल्लीहरूलाई रङ्गीचङ्गी आश्वासनले रङ्गाइदिर्नुपर्छ । हलो जोत्ने हलीलाई हल्लुडभन्दा हरयिा सपना बाँडेर आशाको घाँस छर्रिदर्नुपर्छ । पहाड-तर्राईका गाउँवासीलाई हावापानीमै जोड गरेर अन्नतिर बल नगर्ने प्रवचन दिर्नुपर्छ । राजधानीका सुकुम्वासीले धोबी खोला, हनुमन्ते र वाग्मतीका बगरमा खाली ठाउँ पहिल्याएर बसोवास ठड्याए हुन्छ । राजधानीवासीले पानी खानुपरे गाग्राघैंटा बोकेर त्रिशूली, इन्द्रावती जता मन लाग्छ, गए हुन्छ । हिमालले पानी पठाएकै छ । मेलम्ची आएन भनेर माथि बस्नेलाई छास्न पाइन्न । ठूला पार्टीताहरूका सम्झौता, सहमति, सङ्कल्पजस्ता बाचा-बन्धनबारे यो भएन, त्यो भएन भनेर नाटीकुटी गर्न पाइन्न । भाकल हो भाक्न सकिन्छ तर पूरा गर्नैपर्छ भन्ने नियम-कानुन कहीं छैन । यो कुरा सर्वसाधारणले बुझ्नुर्पछ याने जनतारूपी पोथीले पोथी नै भएर धूलो खोस्रिदै ओथारा बर्स्नुपर्छ । भाले बनेर बास्न पाइन्न ।

भुइँफुट्टा पाराले आफैं टुसाएको हाम्रो लोकन्ते सदन र सरकार पनि नानाभाँती हर्कत देखाउन कम छैन । दिनदिनै तेल र नुनसँगै आफ्नै भाउ बढाउन र कुर्सी टाँस्सिइरहने दाउ लडाउन खप्पीस बन्दै आएको छ । कहिले वनकालीको बाँदरको लोकन्तो लागेर यात्रीको नरविल चोर्दै र पुर्पुरो फोर्दै हिँड्छ । कहिले कुर्सी मात लागेर छेउटुप्पाको टुङ्गो नभएको गणतन्त्रे चिरबिरीमा चराझैं बास्छ । कहिले रक्तचन्दनका ठूटामूढा टोक्तै हिँड्छ । कहिले चरेस-गाँजा धोकेर खोक्तै हिँड्छ । सहरी सफाइको विदेशी बजेट आउँदा आउँदै टप्काउँछ अनि फोहोरका डङ्गुरमा सूँडले उधिनेर विदेशीले फालेको हड्डी टपरी पनि चप्काउँछ । चौबीसै घन्टा सूँड सोझ्याएर खानेभन्दा केही जान्दैन । पेट बढाउँदै आएको छ । थरी जिम्मुवालले मन्ढी ओडेर भित्रभित्रै सेती, कोसी र मेलम्चीजस्ता नदीनाला दुहुने र जेट, हेलिकप्टरसँगै कुर्लुक्क निल्ने चाँजो मिलाउँदै आएको छ । अहिलेसम्म एकएक गरेर कैयौं खाइसक्यो, अब भने दुई-चार, दस-आठ जति भेटे पनि एकैचोटि खाने दाब्ने दाउ हेर्दैछ । ऋण पायो भने पाँचतारे होटलमा महिनौंसम्म र इस पाराको भोज चलाउँछ र घिच्ताघिच्दै अपच्तोसँग थैला भरेर दिउँसै गनाउँछ । विदेशीले सुमसुम्याउन छाड्यो भने उतिबेरै टायर बालेर विरोध जनाउँछ र ख्याउख्याउ गरेर सत्तोसराप भुकिदिन्छ ।

अचेल लोकन्ते सरकार बलियो मात्र होइन, रणवीर बन्दै आएको छ । त्यसैले प्रत्येक दिन यसले दरादरा निर्णागर्ने गरेको छ । यिनै र यस्तै दरा निर्णारू बज्रचट्टान बनेर प्रगतिपथमा युगान्तकारी पदचिह्न थप्न थालेका छन् । खाली भएको वर्षदन नपुग्दै सचिव नियुक्ति गर्छ र एउटै कुर्सी तीन-तीन जना थुपारिदन्छ । मानौं, सचिव भनेको मलको थैला हो, जसलाई परी आउँदा एउटै कुर्सीथि खात लगाएर या एउटै बेन्चमाथि ताँती लगाएर थन्क्याउन सकिन्छ । अनि, बाली सपार्नका लागि बेलामौकामा प्रयोग गर्न सकिन्छ । केही दिनअघि मात्रै रणवीरेले अर्को युगान्तकारी निर्णागरेको छ, प्रत्येक कर्मचारीले ' म जनताको सेवक हुँ' भन्ने घाँडो घाँटीमा झुन्ड्याउनुपर्ने । यति ठूलो सरकारी निर्णासंसार मा विरलै हुन्छ होला । भूत, भविष्यसमेतलाई प्रभावित पार्ने यो निर्णाअनुसार आजसम्म जति कर्मचारी नामक प्राणीहरू काममा नियुक्त थिए, ती सबै जनताका सेवक थिएनन् । तिनका काम, कर्तव्यसम्बन्धी जति निर्णानिर्देशनहरू थिए, ती सबै लाटीको धोतीभन्दा सायद केही थिएनन् । सरकारको कार्यविभाजन केन्द्र, क्षेत्र, तह, डेस्कजस्ता ठाउँठहर निर्धारण गरेर त्यहाँ काम गर्ने कर्मचारीको निजामती, शैक्षिक, कानुनी, प्राविधिक आदि अनेक प्रकारका सेवा श्रेणीको कानुनी व्यवस्था भन्नु बकमफुसे तामझाम मात्रै थियो र तलबरूपी घाँस हाल्ने टाट्नु मात्रै थियो । नियुक्ति लिंदाका शपथका कुरा सम्झिएर कर्मचारीले काम-कारबाहीमा झन्झट बेहोर्नु आवश्यक थिएन । अब आएर तिनै राष्ट्रसेवकहरूले जनताका अगाडि कान समातेर म जनताको सेवक हुँ भन्ने घाँडो घाँटीमा झुन्ड्याउनुपर्दा परेन फसाद - साधारण लगामभन्दा कसिलो यस बाध्यताले कर्मचारी कजिने कुरामा कसैले अविश्वास गर्ने त ठाउँ नै रहेन । लोकन्ते सरकारको नयाँ आविष्कारले कर्मचारीको कर्तव्य चम्किने र सट्टाबजारमा भाउ ह्वात्तै बढ्ने हुँदा अँध्यारोमा छिर्के दाउ घटेको र हाकाहाकी पार्टी झिँगा हम्किने सेवक रामहरूको लुड्याउने दाउ र तिनैको मान, भाउ र प्रतिष्ठा भने गोबरको गन्धे झारझैं हलक्कै बढेको देख्न सकिन्छ ।

हुन त चितवनका हात्तीकेन्द्रदेखि न्युजिल्यान्डका भेडाफार्मसम्म घुम्दै हेर्दा खास प्रकारका जन्तु-जनावरलाई चिनाउन पनि घाँटीमा ट्याग भिराउने गरनछि । कोसी टप्पूका अर्ना, भैंसी र भरतपुरका घोडा प्रजनन केन्द्र हुँदै चिडियाखानाका पशुपक्षी, पान्डा, गोहीफर्मसम्मका जन्तु-जनावरलाई लिङ्ग, जात, उमेर र विशेषता जनाउने विशेष प्रकारका ट्याग लगाउने प्रथा विकेन्द्रित भएको छ । यसै मेसोमा नेपाली राष्ट्र सेवक चिनाउन भनेर दौरा-सुरुवालमाथि कोटको काँठी कसेर मालिकलाई बोक्दै बुर्कुसी मार्ने प्रचलन पहिलेदेखि चलिआएको हो र अहिले पनि ठाउँ ठहर हेरी कायमै छ । त्यस्तै नाम, थर, पद, कार्यालय किटानी भएको परचियपत्र नाउको अर्को घाँडो कर्मचारीको घाँटीमा झुन्डिने गरेको पनि निकै भइसकेको छ । तर, विज्ञानप्रविधिको हाइटेक यान्त्रिक सञ्जाल प्रवेश गरसिकेको आजको नेपाली ब्युरोक्र्यासीका लागि उसको औकात आँक्न त्यतिले मात्रै पुग्ने कुरै भएन । त्यसमाथि हालको लोकन्ते बहादुर सरकारले अरू काममा जेजस्तो भए पनि प्रशासन सुधारका क्षेत्रमा आफूलाई सक्षम सावित गर्न दलीय सहमतिको काम्लो बिच्छ्याएर पाहारमा उड्दै नयाँ पौरख प्र्दर्शन गर्नका लागि कर्मचारीमाथि कुनै न कुनै रूपमा जाइलाग्नु अत्युत्तम उपाय ठानेको हुर्नुपर्छ । त्यसैले राज्यसञ्चालनको अभिभारा लिने राष्ट्रसेवकको कार्यदक्षता चारित्रिक शुद्धता र व्यावसायिक कुशलताजस्ता बहुआयामिक विविधताको परचिय दिने संयन्त्रका रूपमा रणवीरेले आविष्कार गरेको उपाधि आँधीबेहरी ल्याउने खालकै मार्न्नुपर्छ । 'म जनताको सेवक हुँ' भन्ने थप घाँडोचाहिँ घाँटीको सट्टा कानको जर्बुटामा ट्याग बनाएर स्टिच गर्ने व्यवस्था मिलाउन सके झन् राम्रो हुने थियो कि - अथवा राष्ट्रसेवाले चिटचिट पसिना काढेका निधार, गाला र हर्थुङ्गमा 'म जनताको सेवक हुँ' भन्ने सुनौला शब्दहरू ट्याटु गर्रिदए लेस्बियन सरकारका क्षमतावान कर्मचारीको यथार्थ चित्र देख्न पाइने थियो । यस्तो महान् कार्यको थालनी संसारमै नौलो प्रस्तुति हुनसक्छ र अनौठा वस्तुहरूको डिक्सनेरी याने गिनिज बुकमा नयाँ विषय थपिन सक्छ । यस्तो व्यवस्थाले र ाष्ट्रसेवकको ओहदाका साथै कुर्सी शोभा बढ्ने र सेवा मौलाउने मात्र होइन, विदेशी दातृ संस्थाहरू खुसी भएर दान-अनुदान थपिदिँदा अघासुरे पेटमा अघाँउजी बाली भित्रिने सम्भावना पनि उत्तिकै बढ्न सक्छ । 'जनताको सेवक' भन्ने खलाँती चलाउँदै मान-सम्मानको हावा भरेर कर्मचारी नाउको वनचरीलाई फष्टपुष्ट पार्ने अवसरसमेत थपिनेछ । यसरी भरिएको हावाबाट प्राप्त हुने ऊर्जाले आउँदा दिनका लागि प्रशासनिक दक्षतामा सुधार र नयाँ उपलब्धि समेतको प्रक्षेपण गर्न सकिन्छ । याने सहस्राब्दीको लक्ष्य भेदन तर्फ कुचमार गर्न सकिन्छ भन्दा के अर्घ्येल्याइँ होला त ।

## कृष्ण जन्माष्टमी



✍ सुभम राय
कक्षा-१, नवोदय शिशु सदन

कृष्ण जन्माष्टमीमा कृष्ण भगवानको जन्म भएको हो र त्यो दिन सबैले कृष्ण भगवानको पूजा आराधना गर्छन् । कृष्ण भगवानले मुरली बजाउन र मख्खन खान मन पराउथे । उहाँलाई गाई एकदमै मनपर्छ । कृष्णले भगवान दयालु मायालु, चन्चले र सबैलाई आवश्यक परेको सहयोग गर्नुहुन्छ । यस दिन कृष्ण मन्दिरमा भगवान श्री कृष्णको पूजा आराधना, प्रवचन, भजन, कीर्तन गर्नुका साथै महिलाहरू व्रत बस्छन् ।

कविता

## बुबा



✍ नेहा ब्लोन
कक्षा-८,
सत्यम जेभियर्स अङ्ग्रेजी मा.वि.
हेटौंडा-४, चिसापानी

मेरो जीवनको उज्यालो तिमी
अँध्यारोमा बाटो देखाउने ज्योति तिमी
तिम्रो शिर उच्च बनाउने मेरो सपना
एउटै दिन त्यो सपना हुनेछ विपना ।

बुबा, तिम्रो त्यो ममतामय काख
सधैं थामिदेऊ मेरो न्यानो हात
बुढेसकालमा दिनेछु म साथ
तिमी बिना काटिन्न एकै रात ।

संसारले होच्याउँदा हुनेछु म साथमा
चिन्ता नगर बुबा, बस्छु तिम्रो आत्मामा
तिम्रो लागि आफ्ना चाहना त्याग्नेछु
जीवनका हरेक मोडमा तिमीसँगै बस्नेछु ।

तिम्रो ममता शब्दले बयान कहाँ गरूँ
स्मृतिहरू सम्झँदा फदयमा न्यानो भरूँ
तिमी नै भगवान्, तिमी नै गुरु
तिम्रो खुशीका लागि जीवन पनि त्यागछु बरु

# लिपुलेकबारे भारत-चीनलाई नेपालले कूटनीतिक नोट पठाउने



काठमाडौं/नेपालको भूमि लिपुलेकबाट व्यापार खुला गर्ने भारत र चीनको सम्झौताप्रति असहमति जनाउँदै नेपालले दुवै मुलुकलाई कूटनीतिक नोट पठाउने तयारी गरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन तथा भारत भ्रमण हुनु पहिल्यै उक्त नोट पठाउने तयारी सरकारले गरेको हो । परराष्ट्र मन्त्रालयलाई उक्त नोटको मस्यौदा गर्न जिम्मेवारी दिइएको छ ।

उच्च सरकारी स्रोतका अनुसार भारत र चीनलाई अलग अलग पठाउने उक्त कूटनीतिक नोटका भाषा र बुँदा भने केही फरक पर्ने छन् ।

'लिपुलेक क्षेत्रको सिमाना विवाद मुलत: भारतसँग हो, नेपालले उसँग राख्ने सरोकारको सन्दर्भ लामो छ जसबारे पहिले पनि हामीले भारतीय पक्षलाई औपचारिक अनौपचारिक ढंगले भनिसकेकै छौं,' उच्च सरकारी स्रोतले संचारकर्मीसँग शुक्रबार साँझ भन्यो, 'चीनलाई चाहिँ हामी यस विवाद र इतिहासको पृष्ठभूमिबारे अवगत मात्रै गराउँछौं । किनकि दुईदेशीय सिमाना विवादमा चीन प्रत्यक्ष आएको छैन । केवल भारतसँग सम्झौताको हिस्सेदार बनेको छ ।'

ती सरकारी अधिकारीले कूटनीतिक नोट लेखन तयारी अघि बढिसकेको भन्दै ढिलाई नगरी दुवै देशलाई पठाइने जानकारी दिए । प्रधानमन्त्री केपी शर्मा ओलीले दुई छिमेकीले गरेको पछिल्लो सम्झौता बारे आफ्नो ध्यान गएको भन्दै वार्ता र संवादकै माध्यमबाट नेपालले आफ्ना अडान राख्ने बताएको सरकारका उच्च अधिकारीले बताए ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले यसबारे स्पष्ट केही बताएका छैनन् । तर यो विषयको समाधान कूटनीतिक माध्यमबाट गर्ने दिशामा नेपालको प्रतिबद्धता रहेको उल्लेख गरे । 'मन्त्रालयले आफ्नो धारणा २० अगस्ट २०२५ मा पुन: सार्वजनिक गरिसकेको छ र यस विषयलाई कूटनीतिक माध्यमबाट समाधान गर्ने दिशामा हामी प्रतिबद्ध छौं' उनले संचारकर्मीसँग भने ।

भारत र चीनले गत मंगलबार चिनियाँ परराष्ट्रमन्त्री वाङ यी को भारत भ्रमणका क्रममा लिपुलेक व्यापार सुचारु गर्ने सहमति गरेका थिए । उक्त सहमतिको नेपालमा तीब्र विरोध भइरहेको छ ।

परराष्ट्र मन्त्रालयले उक्त सहमति गलत भएको भन्दै लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालकै अभिन्न अंग भएको उल्लेख गर्दै स्पष्ट गरेको थियो । तर लगत्तै भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले नेपालको धारणाको खण्डन गर्दै नेपालको दाबी गलत रहेको जिकिर गरेका थिए ।

नयाँदिल्लीमा चिनियाँ विदेशमन्त्री वाङले प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकर र राष्ट्रिय सुरक्षा सल्लाहकार एवं भारत-चीन सीमा समस्या समाधानसम्बन्धी विशेष प्रतिनिधि अजित डोभालसँग भेट गरेका थिए । त्यसपछि मंगलबार राति भारतीय विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा लिपुलेक नाकाबाट व्यापार पुन: सुचारु गर्ने उल्लेख छ ।

वाङ यीको दुईदिने भारत भ्रमणपछि मंगलबार जारी विज्ञप्तिमा सहमतिका १२ बुँदा छन् । भारतले जारी गरेको विज्ञप्तिको ९ औं बुँदामा भनिएको छ, 'दुवै पक्ष तोकिएका तीन नाकाहरू लिपुलेक पास, सिप्किला पास र नाथुला पासमार्फत सीमापार व्यापार पुन: सुरु गर्न सहमत भएका छन् ।'

वाङ यीको भ्रमणपछि चीनको परराष्ट्र मन्त्रालयले बुधबार बिहान दुईवटा नोट जारी गरेको थियो । भारतीय विदेशमन्त्री एस जयशंकरसँगको भेटसम्बन्धी नोटमा 'दुवै पक्षले दुई देशबीच व्यापार र लगानी प्रवाहलाई ठोस उपायहरू मार्फत सहज बनाउने सहमति जनाए' भन्ने मात्र उल्लेख छ । यो नोटमा नाकाको विषय र नाम उल्लेख थिएन ।

तर, डोभालसँग वाङ यीले गरेको भेट सम्बन्धमा चीनको परराष्ट्र मन्त्रालयले जारी गरेको नोटमा भने नाकाको विषय उल्लेख छ । नोटको ९ नम्बर बुँदामा 'रेनचिङगाङ-चाङ्गु, पुलान-गुन्जी र जिउबा-नाम्गया गरी तीनवटा परम्परागत सीमा व्यापार बजारहरू पुन: खोल्ने सहमति गरियो' भन्ने छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१५ मा गरेको चीन भ्रमणका क्रममा भारतले हडपेको नेपालको भूमि लिपुलेक पासबाट व्यापार गर्ने सहमति भएको थियो ।

१५ मे २०१५ मा भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङले बेइजिङमा सम्झौता गरेका थिए । उक्त सम्झौतामा 'दुवै पक्ष व्यापार वस्तुको सूची वृद्धि गर्न तथा नाथुला, किंगला, लिपुलेक नाकाबाट व्यापार विस्तार गर्न सहमत भएका छन्' भन्ने उल्लेख थियो ।

त्यसबेला पनि नेपाली भूमि हुँदै व्यापार गर्ने विषयमा नेपाललाई जानकारी नदिई भएको सहमतिप्रति आलोचना समेत भएको थियो । नेपालको संसद्मा यसको चर्को विरोध भएको थियो ।

त्यसपछि तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले भारत र चीन दुवै मुलुकलाई 'प्रोटेस्ट लेटर' पठाएका थिए । उक्त पत्रमा तत्कालीन परराष्ट्रसचिव शंकरदास वैरागीको हस्ताक्षर थियो । सरकारले कूटनीतिक नोट पठाउने विषयलाई संवादका विभिन्न प्रक्रियामध्ये एक भएको भन्दै यसलाई लिएर कूटनीतिक उछाल नल्याउन सबै पक्षलाई आग्रह पनि गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# नागरिकप्रति समर्पित भई कार्यगर्न सशस्त्र प्रहरी महानिरीक्षक अर्यालको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नागरिकप्रति समर्पित भई कार्यगर्न सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरको आठौं वार्षिकोत्सवलाई शुक्रबार सम्बोधन गर्दै उनले सामूहिक भावनाका साथ त्रुटिरहित ढङ्गबाट कार्यसम्पादन गर्न निर्देशन दिएका हुन् । विपद् उद्दारको कार्यमा बाहिनी तथा मातहत कार्यालयले पुऱ्याएको योगदान सराहनीय रहेको उल्लेख गर्दै महानिरीक्षक अर्यालले सङ्गठनले गठन गरेको सामुदायिक स्वयम्सेवक समूहको सक्रियताबाट विपद् उद्दारमा थप प्रभावकारिता आउने विश्वास व्यक्त गर्नुभएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले सीमा सुरक्षादेखि सामाजिक दायित्वलगायत क्षेत्रमा सशस्त्र प्रहरीले गरेको योगदान सरहानीय रहेको बताइन् । चितवनको कालिका नगरपालिका प्रमुख विनोद रेग्मीले नागरिकलाई अप्ठ्यारो परेको बेला सशस्त्र प्रहरीको भूमिका अति महत्वपूर्ण रहेको उल्लेख गरे ।

कार्यक्रममा महानिरीक्षक अर्यालले वर्षभरि उत्कृष्ठ कार्यगर्ने सशस्त्र प्रहरी कर्मचारी, बाहिनीलाई सहयोग पुऱ्याउने विभिन्न सैसंस्था, ब्यक्ति र अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीलाई पुरस्कार, कदरपत्र तथा प्रशंसापत्र प्रदान गरेका छन् ।

# त्रिभुवन राजपथ र कान्तिलोकपथ अबरुद्ध

साझाकुरा संवाददाता

हेटौँडा, ६ भदौ/ शुक्रबार दिउँसोबाट परेको अविरल वर्षापछि आएको बाढी र पहिरोले हेटौंडा-काठमाडौं जोड्ने दुईवटा मार्ग अवरुद्ध भएका छन् ।



त्रिभुवन राजपथ र कान्तिलोकपथ बाढी र पहिरोका कारण अवरुद्ध बनेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । त्रिभुवन राजपथको हेटौंडा-भैंसे सडकखण्डमा पर्ने भीमफेदी गाउँपालिका-१ स्थित बाघझोरामा गिट्टी बालुवासहितको बाढी आएर सडकअवरुद्ध बनेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालका अनुसार बाघझोरामा सडक अवरुद्ध भएको हो । यस्तै मकवानपुरको भीमफेदी गाउँपालिका-८ भऱ्याङडाँडामा पहिरो आउँदा कान्तिलोकपथ अवरुद्ध बनेको छ । पहिरो खसेर बाटो पूर्णरुपमा अवरुद्ध भएको हो । बाटो खुलाउन सडक विभागसँग समन्वय भइरहेको र पानी पर्नेक्रम नरोकिएकोले तत्काल सडक खुलाउन समस्या भएको प्रवक्ता अर्यालको भनाइ छ ।

# वित्तीय क्षेत्रका समस्या उस्तै, अपलेखन दोब्बर, गैरबैंकिङ सम्पत्ति १५ अर्ब बढ्यो




काठमाडौं/गत आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाको नाफामा सुधार देखिए पनि समस्या भने जस्ताको त्यस्तै रहेको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाको गैरबैंकिङ सम्पत्ति र कर्जा अपलेखन बढेसँगै समस्या समाधानको दिशामा नगएको देखिन्छ ।

गत आव बैंक तथा वित्तीय संस्थाको औसत खराब कर्जा ४.६२ प्रतिशत पुगेको छ । यस्तो दर अघिल्लो आवमा ३.८६ प्रतिशत थियो । त्यसैगरी गैरबैंकिङ सम्पत्ति करिब १५ अर्बले बढेको छ भने कर्जा अपलेखन दोब्बरभन्दा धेरैले बढेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ । वित्तीय क्षेत्रको खराब कर्जा, गैरबैंकिङ सम्पत्ति र कर्जा अपलेखन बढेको हुँदा नाफामा सुधार आएकै आधारमा वित्तीय प्रणालीमा सुधार भएको भन्न नमिल्ने बैंकहरू बताउँछन् ।

'वित्तीय प्रणालीको स्वास्थ्य थप बिग्रिने अवस्था देखिँदैन, तर विगतको तुलनामा सुधार आएको भन्ने अवस्था छैन,' एक पुराना बैंकरले बताए । खराब कर्जा, गैर बैंकिङ सम्पत्ति र कर्जा अपलेखन झनै बढ्नु भनेको असुलीमा सुधार भएको नभई समस्या झनै थपिएको बुझिने उनको भनाइ छ । तर, पछिल्लो समय आर्थिक गतिविधिमा केही सुधार आएको हुनाले आगामी दिनमा सुधार हुने उनको तर्क छ ।

कर्जा लगानी तथा कमिसन आम्दानीमा आएको सुधारले आर्थिक गतिविधि वा बैंक तथा वित्तीय संस्थाको कारोबार बढेको स्पष्ट हुने उनको बुझाइ छ । बैंक तथा वित्तीय संस्थाले गत आव २०८१/८२ मा ६९ अर्ब ८६ करोड रुपैयाँ बराबर खुद नाफा गरेको केन्द्रीय बैंकले जनाएको छ । यो नाफा अघिल्लो आवको तुलनामा १३ प्रतिशत धेरै हो । अघिल्लो आव २०८०/८१ मा ६१ अर्ब ८२ करोड खुद नाफा गरेका थिए । बैंक तथा वित्तीय संस्थाको यो नाफामा गैरबैंकिङ सम्पत्ति, कर्जा अपलेखन र नोक्सानी व्यवस्था फिर्ताबाट भएको आम्दानीको योगदान धेरै छ ।

गत आव बैंकहरूको नाफामा देखिएको सुधार जग्गा सकार गर्ने सीमा बैंक तथा वित्तीय संस्थालाई हटेपछि गैरबैंकिङ सम्पत्ति बढेको हो । त्यसैगरी, कर्जा नोक्सानी व्यवस्थामा केन्द्रीय बैंकले गरेको सहजीकरण र घरजग्गा सम्बन्धी व्यवस्थामा अपनाएको लचकताले बैंकहरूलाई कर्जा अपलेखन समेत सहज भएपछि नाफामा सकारात्मक प्रभाव परेको हो ।

अर्थतन्त्रमा देखिएको सुस्तताका कारण बैंक तथा वित्तीय संस्थामा कर्जा माग बढ्न अझै पनि सकेको छैन । कोरोना महामारी र अर्थतन्त्रमा आएको मन्दीले बिगारेको बैंकहरूको कर्जा आर्थिक गतिविधिमा सुधार आउन नसक्दा असुली हुन सकेन । त्यसपछि गत आव बैंकहरूले कर्जा लगानीभन्दा पनि पुरानो असुली गर्ने र खराब कर्जाको अनुपात घटाउन जोड दिएका थिए । तैपनि बैंकहरू त्यसमा सफल भएको राष्ट्र बैंकको तथ्यांकले देखाउँदैन ।

गत आव बैंक तथा वित्तीय संस्थाको कुल गैरबैंकिङ सम्पत्ति ५० अर्ब ५५ करोड रुपैयाँ पुगेको छ । यो रकम अघिल्लो आवको तुलनामा करिब ४० प्रतिशतले धेरै हो । अघिल्लो आव गैरबैंकिङ सम्पत्ति ३५ अर्ब ५० करोड बराबर थियो ।

त्यसैगरी गत आव चैतसम्म बैंक तथा वित्तीय संस्थाको कुल कर्जा अपलेखन ८ अर्ब ७० करोड रुपैयाँ पुगेको छ । यो रकम अघिल्लो आवको तुलनामा १ सय १६ प्रतिशत धेरै हो । अघिल्लो आव ४ अर्ब २ करोड बराबर कर्जा अपलेखन गरेका थिए । बैंक तथा वित्तीय संस्थाले कर्जा असुली नभए सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउन सक्छन् । संस्थाले कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभए आफैंले सकार गरी गैरबैंकिङ सम्पत्तिमा देखाउनुपर्छ ।

गैरबैंकिङ सम्पत्ति समेत बिक्री गर्न नसकेको अवस्थामा त्यसलाई अपलेखन गर्ने व्यवस्था छ । कर्जा सीधै अपलेखन गर्न पनि सकिन्छ । गैरबैंकिङ सम्पत्तिमा रूपान्तरण गरेर पनि अपलेखन गर्न सकिन्छ । कर्जा अपलेखन गर्दा बैंक तथा वित्तीय संस्थाले कर्जा खराब वर्गमा परी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था भइसकेको हुनुपर्ने व्यवस्था छ । कर्जा असुलीका लागि प्रचलित ऐन तथा नीति बमोजिम धितो सुरक्षणको लिलाम बिक्री प्रक्रिया सम्पन्न गरेको हुनुपर्छ । साथै, कर्जाको धितो सुरक्षण लिलाम बिक्री हुन नसकेको अवस्थामा अनिवार्य धितो सकार गरी कर्जा अपलेखन गर्न सक्ने व्यवस्था छ ।

*(स्रोत: अनलाइनखबर)*

# संसद्मा विधेयक, सडकमा शिक्षक र निजी विद्यालय सञ्चालक

काठमाडौं/ प्रतिनिधिसभा अन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मर बहादुर थापाले विद्यालय शिक्षा विधेयक शुक्रबार समितिमा पेस गरे । उनका अनुसार साविकको विधेयकमा १६३ वटा दफा थियो । तर समितिले छलफल गरी पारित गरेपछि विधेयकमा १७३ वटा दफा कायम भएको छ ।

१३ वटा नयाँ दफा थपिएको छ भने ३ वटा दफा हटाइएको छ । सरोकारवाला सबै पक्षसँग छलफल गरेर समितिबाट विधेयक पास भएको सभापति थापाले बताए । '२०२८ सालको शिक्षा ऐन खारेज गर्नेगरी ५४ वर्षपछि बन्न लागेको विधेयक भएकाले विद्यालय शिक्षामा नवीनता दिने कोसिस गरिएको छ,' सभापति थापाले भने ।

ठूलै दबाब र खतरा मोलेर सरोकारवालको मागलाई सम्बोधन गरिएको पनि उनले दाबी गरे । तर, सरोकारवाला शिक्षक महासंघ र निजी विद्यालय सडकमा छन् । शिक्षक महासंघले विरोधको प्रावधानमा असन्तुष्टि जनाउँदै शुक्रबार आन्दोलनको घोषणा गरेको छ । ११ भदौदेखि आन्दोलन गर्ने निर्णय शिक्षक महासंघले गरेको छ ।

२०७५, २०७८, २०८० र २०८१/०८२ सालमा सरकारसँग भएको सहमति कार्यान्वयन नभएको महासंघले जनाएको छ । 'प्रतिनिधिसभा र राष्ट्रिय सभामा सच्याउन प्रयत्न गर्छौं,' महासंघ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने । प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पनि नसच्याए गत चैतमा काठमाडौंमा गरेको २९ दिने आन्दोलनभन्दा पनि ठूलो आन्दोलन गर्ने चेतावनी महासंघले दिएको छ । निजी विद्यालय सञ्चालकहरू पनि बिहीबारदेखि नै सडक आन्दोलनमा उत्रिएका छन् ।

बिहीबार माइतीघरमा प्रदर्शन गरेका निजी विद्यालयले शुक्रबार संसद् भवन अगाडि विरोध प्रदर्शन गरेका छन् । निजी विद्यालयलाई क्रमश: गैरनाफामुलक बनाउने प्रावधान र पूर्ण छात्रवृत्तिबाट आवास सुविधा हटाउन उनीहरूले माग गरेका छन् । 'कम्पनीमा रहेर गैरनाफामूलक हुन सक्दैन । निजीले आवास सुविधासहितको पूर्ण छात्रवृत्ति दिन सकिँदैन,' एनप्याब्सन अध्यक्ष सुवास न्यौपानले भने ।

माओवादी, रास्वपा र राप्रपाको फरक मतसहित विद्यालय शिक्षा विधेयक शुक्रबार समितिबाट पारित गरिएको थियो । विधेयक पारित भएपछि सरोकारवाला निकाय आन्दोलित भएका हुन् । अब विधेयक प्रतिनिधिसभा हुँदै राष्ट्रिय सभामा पुग्नेछ ।

# 'माइतीघर'को शीर्ष गीत खिच्न ५० लाख खर्च !

काठमाडौं/यसपालिको दशैंको फूलपातीमा प्रदर्शन हुन लागेका तीन फिल्ममध्येको एक 'माइतीघर'ले प्रचार अभियानलाई तीव्रता दिइरहँदा आगामी साता पहिलो गीतको रूपमा 'वसन्त नै बस्न खोज्छ यहाँ लोलाएर' सार्वजनिक गरिँदैछ । केही दिनअघि मात्र यो गीतको छायांकन सकिएको हो । निर्माता रोहित अधिकारीको दाबी अनुसार गीतको भिडियो तयार पार्न लगभग ५० लाख खर्च भएको छ ।

११ दिन छायांकन भएको गीतको भिडियोमा फिल्मका दुई मुख्य अभिनेत्री उपासना सिंह ठकुरी र श्यामाश्री शेर्पालाई नचाइएको छ । गीतको भिडियोका कोरियोग्राफर कविराज गहतराज हुन् । यो गीतको यसअघि पनि छायांकन गरिएको थियो, बागलुङमा । तर, निर्माण पक्षले त्यस बेलाको कुनै दृश्य यसमा राखेको छैन । गीतलाई नयाँ तरिका र शैलीमा खिचिएको निर्माता अधिकारीले बताए ।

गायिका सञ्जीवनीको स्वरमा रहेको फिल्मको गीत सार्वजनिक नहुँदै निर्माण पक्षले त्यसमा नृत्य प्रतिस्पर्धाको घोषणा गरिसकेको छ । उक्त गीतमा ४० सेकेन्डदेखि २ मिनेटसम्म भिडियो बनाउनेमध्ये उत्कृष्ट एकजनालाई ५ लाख पुरस्कार दिइने घोषणा गरिएको छ । ६ दशकअघि बनेको फिल्म 'माइतीघर'को 'वसन्त नै बस्न खोज्छ...' गीतमा भारतीय गायिका आशा भोसलेको स्वर रहेको थियो ।

# 'काजी'को मुहूर्त, मुख्य भूमिकामा विपिन, केकी र गरिमा

काठमाडौं/निर्देशक लक्ष्मण रिजाल ८ वर्षपछि फिल्म निर्देशनमा फर्किएका छन् । उनको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'काजी'को शुक्रबार दक्षिणकाली मन्दिरमा क्यामेरा तथा स्क्रिप्ट पूजा गर्दै शुभ मुहूर्त गरिएको छ । मुहूर्तसँगै फिल्मको टिम छायांकनका लागि स्याङ्जातर्फ प्रस्थान गरेको छ । आइतबारबाट फिल्मको छायांकन सुरु गरिँदैछ ।




मुहूर्तमा निर्देशक रिजालसहित फिलमका निर्माता रामप्रसाद रिजाल, प्रमुख कलाकारहरु विपिन कार्की, केकी अधिकारी र गरिमा शर्मा उपस्थित भएका थिए । विपिन र केकीको 'प्रसाद २'पछि यो दोस्रो सहकार्य हो । प्रदीप भारद्वाजको लेखन रहेको फिल्मलाई चिन्तनराज भण्डारीले छायांकन गर्नेछन् ।

निर्देशक रिजालले आफूले खोजेको जस्तै स्क्रिप्ट पाएकाले ८ वर्षपछि निर्देशनमा फर्किएको बताएका छन् । उनले यसअघि 'कसम', 'धुँवा यो नसा', 'अलविदा', 'कायरा' लगायतका फिल्म निर्देशन तथा 'डिसेम्बर फल्स' र 'गणपति'को निर्माण गरेका थिए ।

आर एण्ड आर प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको छायांकनका लागि स्याङ्जामा ठूलो खर्च गरेर एउटा गाउँको सेट नै निर्माण गरिएको जनाइएको छ । फिल्मका लागि कालीप्रसाद बाँस्कोटाले गीत तयार पारेका छन् । सुनिल मानन्धरको श्रीराम बालाजी फिल्म्सले फिल्मको देशभर वितरण गर्नेछ ।

# आईएनआईले लियो विश्वज्योति हलको व्यवस्थापनको जिम्मा

काठमाडौं/नेपालको दोस्रो ठूलो मल्टीप्लेक्स चेन आईएनआई सिनेमाजले काठमाडौंको जमलस्थित विश्वज्योति सिनेप्लेक्सको व्यवस्थापनको जिम्मा लिएको छ । योसँगै आईएनआईको हल संख्या ५ पुगेको छ । यो चेनले यसअघि काठमाडौं उपत्यकाभित्र दुई र उपत्यका बाहिर बुटवल र सिमरामा गरी दुईवटा मल्टीप्लेक्स सञ्चालन गर्दै आएको छ ।

शुक्रबार विश्वज्योति सिनेप्लेक्सका सीइओ रोहनसिंह सराफ र आईएनआईका सीइओ गृहेन्द्र मुनकर्मीबीच सम्झौता पत्रमा हस्ताक्षर भएको हो । अब विश्वज्योति सिनेप्लेक्सलाई 'आईएनआई सिनेमाज - विश्वज्योति' नाममा ब्रान्डिङ गरिने जनाइएको छ । यसमा २९० दर्शक क्षमताको दुईवटा अडिटोरियम रहेका छन् ।

आईएनआई समूहले डिसेम्बर २०१९ मा आफ्नो पहिलो मल्टीप्लेक्सको रुपमा काठमाडौंको गोङ्गबुमा रहेको ल्होत्से मलबाट व्यावसायिक यात्रा सुरु गरेको थियो । देशभरका ५ वटा हलमा गरी १८६६ सिट क्षमता पुगेको आईएनआईको नयाँ बानेश्वरको एनबी सेन्टरमा रहेको हलमा नेपालकै पहिलो 'जीडिसी डीटीएस एक्स' अडियो सिस्टम जडान छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### सरकारलाई केन्द्रीय दुग्ध सहकारी संघले भन्यो:

# ११ बुँदे सम्झौता यथाशीघ्र कार्यान्वयन गरियोस्

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ विगतमा भएको ११ बुँदे सम्झौता कार्यान्वयन नभएको भन्दै यथाशक्य कार्यान्वयन गर्न सरकारलाई केन्द्रीय दुग्ध सहकारी संघले आग्रह गरेको छ ।

२०८१ असार १६ गते सरकारसँग भएको सम्झौता अहिलेसम्म कार्यान्वयन नभएको भन्दै संघले तत्काल कार्यान्वयन गर्न भनेको हो । संघकाअनुसार दुग्ध किसानको सरकारी स्वामित्वमा रहेको डिडिसीलगायत अन्य डेरी उद्योगले विगत ५ महिनादेखि ३.५ अरब भन्दा बढीको भुक्तानी वक्यौता यथाशीघ्र भुक्तानी गरिनुपर्ने, साथै चक्रिय किसान कोषको व्यवस्था गर्न माग गरिएको छ ।




किसानले भोगिराखेका मिल्क होलिडे तुरुन्त रोकिनुपर्ने, सीमा नाकाबाट भित्रिने अवैध दुध तथा दुग्धजन्यपदार्थ पूर्णरुपमा रोक्नुपर्ने, स्टक रहेका दुग्धजन्यपदार्थ नेपाल सरकारको कुटनीतिक पहलद्वारा अन्तर्राष्ट्रिय बजारमा अविलम्ब विस्तार गर्न, नेपाल सरकारले तोकेको न्युनतम कृषक समर्थन मूल्य ६५ रुपैयाँ भन्दा कममा दुध खरीद गर्ने कार्यलाई रोकी न्युनतम मूल्य नदिने उद्योगलाई अविलम्व कारवाही गर्न संघले भनेको छ ।

दुग्ध किसानलाई यस पेशामा जोगाईराख्न कृषिकर्जा अनुदान कार्यक्रम विगतका वर्षमाझैं यथाशीघ्र उपलब्ध गराउन, लागत मूल्य घटाउने कार्यक्रम, विगतमा दिइदै आएको प्रतिलिटर प्रोत्साहन अनुदान कम्तिमा ५ रुपैयाँ सबै प्रदेशमा लागू गर्ने र पशुआहारा, पशुऔषधिलगायत पशुपालनसँग सम्बन्धित विषयवस्तुका मूल्य राज्यले अविलम्व नियन्त्रण गर्न, बीमा कार्यक्रमलाई सहकारीमार्फत् गर्न गराउन प्राथमिकतामा राख्ने नीति नै बनाएर कार्यान्वयन गर्न संघले माग गरेको छ ।

संघका अध्यक्ष अम्मर बहादुर कुँवरले किसानको दुधको भुक्तानी हुन नसक्दा मर्का परेको बताए । उनले विगतमा सरकारसँग भएका सम्झौता त्यतिकै राखिएको बताउँदै अब ती लागू नभएका चरण वद्धरुपमा आन्दोलनमा जाने उल्लेख गरे । 'किसानको दुधको भुक्तानी हुन सकेन, विगतका सरकारसँग भएका सम्झौता पूर्णरुपमा कार्यान्वयन पनि हुन सकेन । कार्यान्वयन गराउनको निमित्त र किसानको दुधको रकम भुक्तानी दिलाउनका लागि हामीले पटकपटक कुरा राख्दा पनि सुनुवाई भएको छैन । हामीलाई अल्मलाउने काम भएको छ, सरकार र उद्योगीलाई सचेत बनाउनका लागि हामी लागि रहेका छौं' अध्यक्ष कुँवरले बताए ।

उनका अनुसार सरकारले निर्यातित दुग्धजन्य पदार्थमा अनुदानको व्यवस्था अविलम्व गर्न र उद्योगमा रहेका स्टकको यथाशीघ्र अनुगमन गरी स्टकलाई धितो मानी ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । दुग्ध विकास संस्थानमा केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपालको संस्थागत प्रतिनिधित्व रहने गरी पुन: संरचना गर्नुपर्ने माग संघले राखेको छ ।

### गगनलाई बर्तौलाले भने:

# संसदको शक्तिसन्तुलन हेरेर संविधान संशोधनमा हात हाल्नुपर्छ



साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/नेकपा एमालेका मुख्यसचेतक महेश बर्तौलाले तत्काल पारनलाग्ने कुरालाई बहसको विषय बनाएर अलपत्र पार्न नहुने बताएका छन् ।

काठमाडौंमा आयोजित संघीयता कार्यान्वयनको एक दशक समीक्षा र भावी कार्यदिशा विषयक गोष्ठीलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । बिहीवार संसदमा नेपाली काँग्रेस महामन्त्री गगनकुमार थापाले उठाएको संविधान संशोधनको विषयबारे लक्षित गर्दै उनले संसदको अहिलेको शक्तिसन्तुलनले पार लगाउने स्थिति नदेखिएपछि संविधान संशोधनको कार्य अघि नबढाइएको स्पष्ट पारे । मुख्यसचेतक बर्तौलाले तत्काल निष्कर्षमा पुऱ्याउन नसकिने कुराहरु बहसमा ल्याएर छोड्ने कुरा राम्रो नहुने भएकाले आन्तरिकरुपमा गृहकार्य गरेर मात्रै संविधान संशोधनको विषय अघि बढाउन आवश्यक हुने उल्लेख गरे ।

उनले वर्तमान सरकारको उद्देश्य संघीयतालाई व्यवहारत: कार्यान्वयन गर्नका लागि लैजानु रहेको बताएका छन् । कतिपय विषयवस्तुमा सिंगो देशलाई लैजाने तर, संसदबाट पारित गर्न नसक्ने अवस्था भए त्यसका नाममा मुलुकमा अर्को फेरि अनावश्यक ध्रूवीकरण सिर्जना हुने उनले बताए । 'अहिलेको सरकार नेपाली काँग्रेस र नेकपा एमालेबीच जुन समझदारीका साथ बनेको छ । यसको उद्देश्य संघीयताको सबलीकरणको लागि, संघीयतालाई व्यवहारत: कार्यान्वयन गर्नका लागि संविधानले कहाँनेर जटिलता सिर्जना गरिरहेको छ, अर्थात संविधान बमोजिम हामीले निर्माण गर्नुपर्ने कानून प्रवन्ध वा संरचनागत सुधार कसरी गर्नुपर्छ, त्यसलाई व्यवस्थित गर्ने पाटोको जिम्मेवारी पूरा गर्न नै यो सरकार त्यही ध्येयअनुसार बनेको हो ।

यो सरकार बन्दा हामीले संविधान संशोधनको विषय पनि राख्यौं । संविधान संशोधनको एउटा स्कोर पनि निर्माण गऱ्यौं । यो मुलुकको राजनीतिक स्थायित्व र स्थिरताका लागि संविधान संशोधन गर्ने अभिभारा पूरा गर्नका लागि काँग्रेस र एमाले यो सत्ता सहयात्रामा लाग्नुपर्छ भनेर लागेका हौँ' मुख्यसचेतक बर्तौलाले भने, 'हिजो गगन दाइले पनि यो विषय संसदमा राख्नुभएको छ । यो पाटोमा काम गर्नुपर्नेछ । तर, तत्कालको शक्ति सन्तुलन, संसदहरुको शक्तिसन्तुलन यि विभिन्न कारणले गर्दा कतिपय विषयवस्तुमा सिंगो देशलाई लैजाने र संसदबाट पारित गर्न नसक्ने दुईतिहाई पुऱ्याएर जान नसक्ने अवस्था भयो भने त्यसका नाममा मुलुकमा अर्को फेरि अनावश्यक ध्रुवीकरण सिर्जना हुन्छ भन्नेकुरामा हामी उत्तिकै सचेत र जिम्मेवार हुनुपर्छ ।

'पार्लियामेण्टमा त्यो खालको सहज परिस्थिति हामी संसदमा देख्दैनौँ, त्यो देखिरहेको छैन । पपुलिस्टहरुले असत्यले सत्यलाई ढाकछोप गर्ने काम गरिरहेका छन् । पारनलाग्ने कतिपय विषयलाई बहसमा ल्याइदिएर निष्कर्षमा पुऱ्याउन सक्दैनौँ भने त्यत्तिकै छोड्ने स्थिति हुँदैन । यसमा आन्तरिकरुपमा राम्रो गृहकार्य गर्नुपर्छ' बर्तौलाले भने । मुख्यसचेतक बर्तौलाले राजनीतिक संघीयता ठीक ढंगबाट कार्यान्वयनमा पुऱ्याउन सकिएको बताए ।

### रेडियो थाहा र नयाँपनको तीज विशेष कार्यक्रम सम्पन्न

# थाहा नारीरत्न सम्मान गढीकी स्याङ्तानलाई



साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/रेडियो थाहासंचार हेटौंडाले हरेकवर्ष जस्तै यसपाली पनि नेपाली नारीको पर्व हरितालिका तीजको अवसरमा थाहा नारीरत्न सम्मान तथा तीज विशेष कार्यक्रमको आयोजना गरेको छ ।

हेटौंडामा शुक्रबार आयोजना गरिएको कार्यक्रम रेडियोका प्रवन्धक निर्देशक अरुणराज सुमार्गीको अध्यक्षता एवम् हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो । हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा भएको कार्यक्रममा रेडियो थाहासंचारका स्टेशन मेनेजर गोकुल अधिकारीले सामाजिक उत्तर दायित्वअन्तरगत कार्यक्रमको आयोजना गरिएको बताए ।

नगरप्रमुख लामाले रेडियो थाहासंचारले गरेको कार्य निकै प्रशंसनीय रहेको बताइन् । गैर सरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष कल्पना श्रेष्ठ, हेटौंडा उपमहानगर पालिका-११ की अध्यक्ष जुना दाहाल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । मकवानपुरगढीकी सामाजिक व्यक्तित्व सुलोचना स्याङ्तानलाई यस वर्षको थाहा नारीरत्न सम्मान २०८२ बाट सम्मान गरिएको छ ।

औपचारिक कार्यक्रमको समापन गर्दै रेडियोका प्रवन्धनिर्देशक सुगार्मीले रेडियोले हरेक समयमा यस्ता कार्यक्रम गर्दै आइरहेको र यसपाली पनि गरेकोमा खुशी लागेको बताउँदै नेपाली समाज विभिन्न धर्म, संस्कृतिले बनाएकाले सबैको संरक्षण र रक्षा गर्न रेडियो सदैव क्रियाशील रहेको बताए । कार्यक्रममा विभिन्न संघसस्थाका प्रतिनिधि, संचारकर्मीको सहभागीता रहेको थियो । गायिका पबित्रा यात्रीले आफ्नो साङ्गीतिक प्रस्तुति दिएका थिए भने हेटौंडा एकेडेमीका बालिकाहरुले नृत्य देखाएकामा थिए । पन्चेबाजाको टोलीले पनि प्रस्तुति दिएको थियो ।

यस्तै नयाँपन राष्ट्रिय दैनिकले पनि शुक्रबार महिला पत्रकारसँग तीज बिशेष कार्यक्रमको आयोजना गरेको छ । नयाँपन राष्ट्रिय दैनिकका सञ्चालक तथा प्रकाशक दीपेन्द्र रोक्काको सभाध्यक्षता एवम् नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । वक्ताहरुले तीजपर्वले महिलाबीच आत्मीयता, एकता र उत्साह बढाउने मात्र नभई पेशागत सहकार्यलाई सुदृढ बनाउने विश्वास व्यक्त गरेका थिए ।

उनीहरुले पत्रकारितामा महिलाको सक्रियता प्रशंसनीय रहेको उल्लेख गर्दै नयाँपन राष्ट्रिय दैनिकलाई निरन्तर प्रगतिको शुभकामना दिएका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई, अग्रज पत्रकार रामकुमार एलनलगायत मकवानपुरका महिला पत्रकारको उपस्थिति रहेको थियो ।

# चेपाङकै नेतृत्वमा प्रभावकारी बन्दै राक्सिराङको नगरप्रहरी सेवा

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/गत आर्थिक वर्षबाट मकवानपुरको राक्सिराङ गाउँपालिकाले व्यवस्थापन गरेको नगरप्रहरीको कार्यसम्पादन सिर्जनात्मक र प्रभावकारी देखिएको छ । ७ सदस्यीय नगरप्रहरी टोलीको नेतृत्व नेपाली सेनाबाट निवृत्त भएका राजकुमार चेपाङले गरेका छन् । नगर प्रहरीमा एकजनामात्रै गैरचेपाङ छन्, सबै चेपाङ जातिबाटै प्रतिनिधित्व छ । दुर्गम र पिछडिएको क्षेत्र भनेर चिनिएको राक्सिराङ गाउँपालिकामा अहिले वर्षायामको समयमा बिग्रेका र भत्केका बाटोको मर्मत र सरसफाइमा नगरप्रहरी स्वत: परिचालित छ ।

राक्सिराङ गाउँपालिका केन्द्र चैनपुर हुँदै महेन्द्र राजमार्ग क्षेत्रमा रहेको मनहरी बजार आवतजावत गर्ने मनहरी-प्याङ्चे-चैनपुरक्षेत्रका पहिरो हटाउनेदेखि चैनपुरबाट वडा ३ र वडा ४ मा पुग्ने बाटोमा नगरप्रहरीले रातदिन नभनी सरसफाइ गरी अटो र बोलेरो गाडी चल्ने अवस्था बनाइरहेको छ । नगरप्रहरी प्रमुख असई चेपाङका अनुसार दिनभर ब्यारेकमा बसेर जागीर खाने मात्रै भन्दा पनि आफ्नो गाउँठाउँका मानिसलाई परिरहेको अप्ठयारामा नगरप्रहरीले साथ दिइरहेको छ । राक्सिराङ-४, परेवाभीर र पन्जनी क्षेत्रमा स्थानीय जनताले आयोजना गरेको जनश्रम कार्यमा सहभागी भएको उनले बताए ।

नगरप्रहरीले स्थानीय मठमन्दिर, गुम्बा, विद्यालय लगायत सार्वजनिक क्षेत्रको सरसफाइ गर्ने, बाटो बनाउने, विभिन्न मेला, चाडपर्व, हाटबजारमा शान्तिसुरक्षा दिने कार्यलाई नियमित काम अन्तर्गत सम्पादन गरिरहेको छ । त्यसैगरी मनहरी बजारबाट राक्सिराङका पसलमा पुगेका खाद्यसामग्रीको गुणस्तर हेर्ने, उत्पादन र उपभोग्य मिति चेकजाँच गर्दै मूल्यमा एकरुपता ल्याउनका लागि पनि पालिकासँगको समन्वयमा अनुगमन गर्ने कार्य भइरहेको चेपाङले बताए । हालै मात्र नगरप्रहरीले मनहरी तथा चुर्लिङखोलामा करेन्ट लगाएर माछा मार्न प्रयोग भएका १३ सेट ब्याट्री र अन्य उपकरण बरामद गरी कार बाही गरेको छ ।

नगरप्रहरीमा राजकुमारको नेतृत्वमा रक्तदाल, हर्कबहादुर, नवीनकुमार, राजकुमार र अन्जु चेपाङ छन् भने एकजना मात्रै गैर चेपाङको रुपमा सरिताकुमारी मोक्तान क्रियाशील छन् । गतवर्ष खुला प्रतिस्पर्धाबाट उनीहरु छनोट भएका थिए । नगरप्रहरीमा पूर्वसेना र प्रहरीमा काम गरेकालाई प्राथमिकता दिइएकाले कार्यसम्पादन सही ढंगले भइरहेको र आशा गरेभन्दा अझ प्रभावकारी परिणाम आइरहेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । सवारी साधनका व्यवस्था गर्न सकिए नगर प्रहरीको सेवालाई ९ वटै वडामा प्रभावकारी ढंगले पुऱ्याउन सकिने उनले बताएको छ ।

# खोलाले बगाउँदा एकजना बेपत्ता

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मकवानपुरगढी गाउँपालिका-२ तल्लोछापस्थित कार्की खोलामा शुक्रबार दिउँसो एक युवक बगेर बेपत्ता भएका छन् ।

इलाका प्रहरी कार्यालय मकवानपुरगढीका अनुसार तल्लोछाप बस्ने २५ वर्षीय विनोद बम्जन सोही गाउँपालिका-७ सुकौरातर्फको पसलबाट घर फर्कने क्रममा खोलाले बगाएको हो । स्थानीयस्तरमा ह्युमपाइप राखेर आवतजावत गर्ने व्यवस्था गरिएको कार्की खोलामा दिउँसो अचानक पानीको बहाव बढ्दा उनी बगेका हुन् । घटनाबारे जानकारी प्राप्त भएको करिब ५ बजेपछि प्रहरी निरीक्षक बीरेन्द्र रायमाझीको कमाण्डमा पाँचजनाको प्रहरीटोली स्थानीयवासी सहित घटनास्थलमा पुगेर खोजतलास कार्य सुरु गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

घटनास्थल इलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट करिब ७ किलोमिटर उत्तरतर्फ पर्छ । हालसम्म बम्जनको अवस्था थाहा हुन नसकेको र खोजतलास कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन हस्तान्तरण गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन नेपाल आयल निगमलाई हस्तान्तरणको तयारी अन्तिम चरणमा पुगेको छ ।

पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएर अहिले पाइप लाइनबाट मोतिहारीदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पदार्थको आयात भइरहेको छ । 'पाइपलाइनबाट नियमितरुपमा पेट्रोलियमपदार्थ आयात भइरहेको छ', नेपाल आयाल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले भने, 'पाइपलाइनबाट ल्याइएको पेट्रोलियमपदार्थको परीक्षण काम पनि भइरहेको छ, त्यसका लागि भारतीय आयल निगमको प्राविधिक टोली फिल्डमै खटिरहेका छन् ।'

पाइपलाइनमा कुनै समस्या देखिएको खण्डमा तत्कालै मर्मतसम्भार भइरहेको छ, परीक्षणको कामसमेत सकिएकाले छिट्टै पाइपलाइन हस्तान्तरण गर्ने तयारी भइरहेको उनको भनाइ छ । दुवै देशका प्रधानमन्त्रीले संयुक्तरुपमा पाइपलाइनको उद्घाटन गर्ने वा कसरी हस्तान्तरण गर्ने विषयमा दुवै पक्षबीच छलफल भइरहेको प्रमुख आचार्यले बताए । बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तारको काम छिट्टै अघि बढाइने भएको छ ।

अमलेखगञ्जबाट लोथर सम्म ६९ किलोमिटरमा निर्माण हुने पेट्रोलियम पाइपलाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट डीपीआर निर्माणको काम अन्तिमचरणमा पुगेकाले अबको केही दिनभित्रै पाइपलाइन निर्माणको कामले तिव्रता लिने नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख आचार्यले बताए ।

'डीपीआर निर्माणको काम अन्तिमचरणमा पुगेर पाइप लाइनको काम अघि बढाउन चितवनमा कार्यालयसमेत स्थापना भइसकेको छ', प्रमुख आचार्यले भने, 'अबको केही दिनभित्रै माटो सम्याउने कार्य पनि सुरु हुन्छ ।' सुरु भएको तीन वर्षभित्र काम सकिने लक्ष्य रहेको उनको भनाइ छ । भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइपलाइनको काम सकिएर पाइप लाइनबाटै पेट्रोलियमपदार्थको आयात सुरु भएपछि अमलेखगञ्जबाट लोथर सम्म पाइपलाइनको काम सुरु गर्न लागिएको हो ।

चितवनको लोथरमा कुल २३ बिघा १२ का जग्गामा ग्रिनफिल्ड सहितको एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सक्ने टनेल निर्माण गरिने प्रमुख आचार्यले बताए । नेपाल-भारतबीच 'जिटुजी' सम्झौता मार्फत निर्माण हुन लागेको अमलेखगञ्ज-हेटौंडा-लोथर पाइपलाइन विस्तारको काम भारतीय आयल निगमले गर्नेछ । यसैबीच अमलेखगञ्जस्थित आयल निगमको पेट्रोलियमपदार्थ लोडिङ गर्ने बईमा समस्या देखिएपछि भारतीय प्राविधिक टोलीले मर्मत गर्ने भएको छ ।

# उद्योगका कामदार, कर्मचारी गरी १ सय १६ जनाको आँखा जाँच

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/उद्योग संघ मकवानपुरले कार्यस्थलमै आँखा जाँच कार्यक्रम आयोजना गरेको छ । उद्योग संघ मकवानपुरको आयोजना तथा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शुक्रबार हेटौंडा औद्योगिक क्षेत्रमै आयोजित कार्यक्रममा उद्योगका कामदार, कर्मचारी गरी १ सय १६ जनाको आँखा जाँच गरिएको हो ।

जाँच गरिएकामध्ये १ जनाको आँखामा मोतियाविन्दु देखिएको र अन्य १० जनाको आँखाको थप उपचारका लागि हेटौंडा सामुदायिक आँखा अस्पतालमा जानका लागि सल्लाह दिइएको छ । मोतियाविन्दु पहिचान भएकालाई शल्यक्रियाका लागि अस्पतालमा बोलाइएको छ । कार्यक्रममा आँखा जाँचपश्चात आवश्यक औषधि निशुल्क वितरण गरिएको थियो ।

हेटौंडा ईन्जिनियरिङ, यती पेन्ट्स, सीई हाईड्रो, हेटौंडा फेब्रिकेशन, सामुराई स्टील, केपीजे लगायतका उद्योगका कामदार कर्मचारीको आँखा परीक्षण गरिएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना